आर्थिक बर्ष २०८२/०८३ को

# नवौं नीति, बजेट तथा कार्यक्रम

**असार ०९ गते सोमबार**




# पोखरिया नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**पोखरिया, पर्सा**


**मधेश प्रदेश, नेपाल**

# नेपालको नक्सा


N
सुदूर पश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. १
लुम्बिनी प्रदेश
मधेश प्रदेश
दार्चुला
बझाङ
बाजुरा
बैतडी
डडेलधुरा
डोटी
अछाम
कञ्चनपुर
कैलाली
हुम्ला
मुगु
जुम्ला
कालिकोट
दैलेख
डोल्पा
जाजरकोट
सुर्खेत
सल्यान
बर्दिया
बाँके
दाङ
रोल्पा
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
मुस्ताङ
म्याग्दी
मनाङ
बाग्लुङ
कास्की
लमजुङ
गोरखा
तनहुँ
स्याङ्जा
नवलपुर
चितवन
मकवानपुर
धादिङ
नुवाकोट
रसुवा
सिन्धुपाल्चोक
दोलखा
रामेछाप
सिन्धुली
पर्सा
बारा
सर्लाही
सिराहा
सप्तरी
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
धनकुटा
पाँचथर
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा

PARSA DISTRICT

**Proposed Pokhariya Municipality**




सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# पोखरिया नगरपालिकाको कार्यालय
# पोखरिया, पर्सा
# नवौं नीति, तथा कार्यक्रम र बजेट प्रस्तुतीकरण
# आ.व. २०८२।०८३

**कार्यसूची**

२०८२/०३/०९

- सभा सदस्य उपस्थिति
- सभाध्यक्ष सभामा प्रवेश
- राष्ट्रियगान
- ज्ञात अज्ञात सहिद प्रति श्रद्धान्जली
- आर्थिक वर्ष २०८२/०८३ को बजेट नगर सभा समक्ष पेश, दफावार छलफल र निर्णयार्थ पेश ।
- आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी विधेयक २०८२ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश ।
- आर्थिक वर्ष २०८२/०८३ को विनियोजन विधेयक २०८२ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश ।
- नगर सभामा अनुमोदनका लागि  आ.व. २०८२/०८३ मा भए गरेका निर्णय तथा कार्यहरु सभामा पेश गर्ने
- अन्य विभिन्न प्रस्ताव सभामा पेश
- विविध

# नगर सभा
# बजेट बक्तव्य

यस पोखरिया नगरपालिकाको गरिमामय नवौं नगर सभाका सभाध्यक्ष महोदय, विषेश अतिथि ज्यू, उपस्थित स्थानीय तहका निर्वाचित जनप्रतिनिधि ज्यूहरु, नेकपा एमालेका केन्द्रिय नेता, लोसपा का केन्द्रिय नेता, जिल्ला अध्यक्ष, नेपाली काग्रेसका क्षेत्रीय सभापति, नेकपा एमाले, नेपाली काग्रेस, नेकपा माओवादी केन्द्र, लोसपा, जसपा, नेपाल मजदुर किसान पार्टी, नेपाल शुसासन पार्टीका नगर अध्यक्ष ज्यूहरु वा पार्टी प्रतिनिधि ज्यूहरु, निवर्तमान नगर प्रमुख, निबर्तमान नगर उप प्रमुख ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सुरक्षाकर्मी ज्यूहरु, पत्रकार ज्यूहरु र यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी ज्यूहरु, समाजसेवीहरु, शिक्षाप्रेमीहरु, निर्माण व्यवसायीहरु, व्यापारीहरु तथा समुदायका प्रतिष्ठित व्यक्तित्वहरुमा सर्वप्रथम म न्यानो हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु ।

**<u>नगर सभा अध्यक्षज्यू नगर सभामा प्रवेश र राष्टिय गान</u>**

**अध्यक्षज्यूबाट नगर सभा सञ्चालन सुरु**

गरिमामय नगर सभाका सभासद ज्यूहरु सवैलाई यस नवौं नगर सभामा हार्दिक स्वगत गर्दछु ।

जन आन्दोलन २०४६ र २०६२ तथा मधेश आन्दोलन २०६२ एवम् जनयुद्धको परिणाम स्वरुप स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रत्याभूति एवम् संरक्षणको लागि नेपालका तीन तहका सरकारको व्यवस्था भए अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको आपसी सहकार्यमा समृद्ध नेपाल सुखी नेपाली कार्यक्रमहरुलाई मूर्त रुप दिन समृद्ध नगर सुखी नगरबासीको जगमा आज हामीलाई खडा गर्ने आफ्नो प्राणको आहुती दिने सम्पूर्ण नेपाली ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण गर्नको लागि अनुरोध गर्दछु ।

**सभामा एक मिनेट मौन धारण ।**

नगर सभा सञ्चालन कार्यविधि वमोजिम मेरो अनुमतिले सदस्य सचिवबाट सभा तयारी, कार्यसूची तथा व्यस्थापन एवं आवश्यक सहयोगका लागि भएको व्यवस्था यहाँहरुमा जानकारी भईसकेको छ । सोही अनुसार सभा सञ्चालन भएको घोषण गर्दछु ।

**सभाध्यक्षज्यूबाट कार्यसूची अनुसार नवौं नगर सभा सञ्चालन ।**

सभाध्यक्षज्यूबाट आर्थिक वर्ष २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम, र बजेट प्रस्तुतीकरण नगर सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

# भाग –१

## पोखरिया नगरपालिकाको नवौं नगर सभामा पेश गरिएको नीति बजेट तथा कार्यक्रम

पोखरिया नगरपालिकाको नगर सभामा नगर प्रमुख श्री प्रदुमन प्रसाद चौहान ज्यूको तर्फबाट नगर उप-प्रमुख श्री रुवी कुमारी ठाकुरद्धारा प्रस्तुत नीति, तथा कार्यक्रम र बजेट प्रस्तुतीकरण ।

सर्वप्रथम गौरवमय नवौं नगर सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुति गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

पर्सा जिल्लाको दोश्रो सदरमुकामको रुपमा पहिचान कायम गरेको यो नगरपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन र यहाँका समस्त नागरिकको सुखी जीवनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पने सबै नगरबासी, शुभेच्छुक र सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

वीरंगज देखि यस नगरपालिकाको केन्द्र पोखरिया बजार जोड्ने सडक बाहेक अधिकांश सडकहरु कालोपत्र, ढलान र ग्रेबल भएको छ । यस नगरपालिका भित्र ४ चार वटा मात्र माध्यमिक तहको विद्यालय रहेको, भएका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको विद्यार्थी र शिक्षकको दरवन्दी अनुपात नमिलेको, भएको दरबन्दी समेत रिक्त रहेको कारण शिक्षा क्षेत्रको विकासमा पछाडी परेको छ । नगरपालिका कार्यालय लगायत शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवातर्फ दरवन्दी अनुसार जनशक्ति नहुनु तथा भएका जनशक्ति समेत तालिमको अभावमा सेवाप्रवाहमा अपेक्षित नतिजा नआउनु मुख्य कारण हो । यस नगरपालिकामा सबैको प्रयासले पोखरियालाई नमुना र पर्साको ग्रामिण भेगको केन्द्र बिन्दु बनाउन भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालयको सेवा केन्द्र स्थापना भएको छ । यस पालिकाका अधिकाँश बासिन्दा कृषिमा निर्भर रहेको, दलित लगायत अधिकांश नगरवासीसँग खेती योग्य जग्गाको कमीको कारण गरिवीको रेखामुनि जीवनयापन गर्न बाध्य रहेका छन् ।

यस पोखरिया नगरपालिका भित्र पर्यटकीय सौन्दर्य बढाउनको लागि भेदराहामा माटो पार्क निर्माण स्थानको छनौट भई माटो पार्क निर्माण थालनी भएको छ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु**

पर्सा जिल्लाको दोस्रो सदरमुकामको रुपमा चिनिने यस पोखरिया नगरपालिकाको विकास गरि आर्थिक, समाजिक तथा धार्मिक रुपले पर्यटकीय गन्तव्यको विकास गर्दै रोजगारी सृजना तर्फ यस नगरपालिकाको बजेट केन्द्रित हुनेछ । अगामी आर्थिक बर्षमा सरकारी कार्यालयका सेवा केन्द्रहरु जस्तै ईलाका प्रशासन कार्यालय, यतायात कार्यालय, तथा आन्तरिक राजस्व कार्यलय लगायतका शाखा कार्यालय यस नगरपालिका भित्र ल्याउन पहलको सुरुवात गरिएको छ ।

**यो नीति तथा कार्यक्रम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।**

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा आम नागरिकको सरल र सहज पहुँच अभिवृद्धि गर्ने ।
- समतामूलक समृद्ध नगर निर्माण गर्ने ।
- दिगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने ।
- सामूहिक निर्णय पद्धति तथा प्रभावकारी कार्यान्वयन प्रणाली अपनाउने ।
- मुख्यतः स्वास्थ्य, शिक्षा, पूर्वाधार तथा कृषि क्षेत्रको विकास गर्ने ।
- लैगिंक समानता, समाजिक समोवेशीकरणको अभिबृद्धि गर्ने ।
- नगरपालिको कामलाई चुस्त दुरुस्त बनाई नागरिकहरुलाई नगरको अनुभूति गराईने छ ।
- साझा संस्थाहरुलाई पुनः एकीकृत संञ्चालनमा ल्याई कृषि सामाग्रीहरु वितरण गरिनेछ ।
- नगरपालिकाबाट तथा वडा कार्यालयबाट दिईने सेवालाई पारदर्शी र प्रभावकारी बनाई लगिनेछ ।

**यी उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकता निर्धारण गरेको छु ।**

- शहरी पूर्वाधारको निमार्ण ।
- गाउँगाउँमा सडक संञ्जालको निर्माण ।
- स्वस्थ र दक्ष जनशक्तिको निर्माण ।
- सुरक्षित प्रसूति सेवा ।
- कृषि र पशुपालनको क्षेत्रमा सुधार ।
- सहकारीको माध्यमले उत्पादन र उत्पादत्वमा बृद्धि ।
- सार्वजनिक जग्गाको संरक्षण ।
- दीर्घकालीन फोहर व्यवस्थापन र वातावरण संरक्षण ।
- बजार अनुगमन र नियमन गरि बजार व्यवस्थापन र पार्किङ्गको व्यवस्था गरिनेछ ।
- महिला र दलित सशक्तिकरण ।
- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार ।
- आधुनिक र प्रविधिमैत्री नगर विकास ।

- नगर विकासका कार्यहरुलाई अगाडि बढाईनेछ ।
- धुलो बाटोलाई निरुत्साहित ढलान तथा पिचको अवधारण अवलम्बन गरिनेछ ।

**श्रीमान् अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु**

आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रुपमा लिइएको छ ।

- नेपालको संबिधान, २०७२
- स्थानिय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकार तथा मधेश प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम र बजेट
- दिगो विकासका लक्ष्यहरु हासिल गर्ने लगायतका नेपाल सरकारले अन्तराष्ट्रय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्व
- यस नगरपालिकाको नगर विकास योजना तथा पञ्चवर्षिय योजनाले मार्गनिर्देशन गरेको नीति तथा कार्यक्रमहरु
- नेपाल सरकार तथा मधेश प्रदेश सरकारका आवधिक विकास योजनाहरु
- न्पाल सरकार र मधेश प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरु

**अव म आ.व. २०८२/०८३ मा नगरपालिकाले अवलम्वन गर्ने नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**विषय क्षेत्र : सार्वजनिक व्यवस्थापन संस्थागत विकास र सुशासन**

| |
|---|
| नगरपा लिकाबाट संचालन हुने सेवाहरुलाई प्रभावकारी र पारदर्शी बनाइनेछ । |
| नगरपालिका र मातहतका वडा कार्यालय सेवा केन्द्र र इकाईहरुमा सेवाको प्रकार सो वापतको दस्तुर विधि प्रकृया खुलेको नागरिक वडापत्रको व्यस्थापन गरिनेछ । |
| नगरपालिकाको समग्र प्रशासनिक सयन्त्रलाई छिटोछरितो सबल र जनमैत्रि बनाउन सम्पूर्ण कर्मचारीलाई कार्यविवरण जिम्मेवारी र उत्तरदायित्व एकीन गरी सेवा प्रभावलाई थप सर्बशुलभ, गुणस्तरीय, पहुचयोग्य र मितव्ययी बनाइनेछ । |
| नगरपालिका भित्र रहेका सम्पूर्ण शाखा तथा वडा कार्यालयहरुलाई व्यवस्थित गरीनेछ । |

- वित्तीय सुशासन र सार्वजनिक उत्तरदायित्व अभिबृद्धिको लागि वेरुजु न्यून गर्ने तथा विगतका बाँकी वेरुजुलाई कार्ययोजना बनाई फर्छ्यौटका लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजासंग जोड्न प्रमुख सुचकहरुमा आधारित रहेर कार्यसम्पादन नतिजाको आधारमा कार्यसम्पादन प्रोत्साहन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- नगरबासी र नगर गतिविधि विच पारदर्शिता प्रवर्द्धन गर्न मेयर संवाद कार्यक्रम संचालन गरिनेछ ।
- संस्थागत स्व. मुल्याङ्कन र वित्तीय शुसासन मुल्याङ्कनबाट देखिएका कमी कमजोरीहरुलाई पहिचान गरी शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि स्वदेशी तालिम तथा अवलोकण भ्रमणको व्यस्था गरिनेछ ।
- पालिका भित्रका सम्पुर्ण वडामा न्याय सम्पादनलाई सहज र सुलभ बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
- न्यायिक समितिका कामकारवाहीलाई व्यवस्थित तथा प्रविधिमैत्री बनाउन न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई सूचना प्रविधिसंग सम्वन्धित विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- भूमिहिन, दलित भूमिहिन र अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि नेपाल सरकार तथा राष्ट्रिय भूमि आयोगसंग समन्वय गरी प्रकृया अगाडी बढाइनेछ ।
- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कायम हुन आएको दरबन्दी अनुरुपको नगर प्रहरी तथा अन्य आवश्यक कर्मचारीहरु कानुन बमोजिम प्रकृया पुऱ्याई भर्ना गरिनेछ ।
- नगर कार्यपालिकाको मुख्य प्रशासनिक कार्यालय र वडा कार्यालय र अन्य मातहतका कार्यालयमा बेरोजगार युवाहरुलाई Internship को अवसर दिइनेछ । नगरपालिकाले नयाँ कर्मचारी नियुक्त गर्दा Internship गरेकाहरुलाई अनुभवका आधारमा ग्रेसमार्क दिने नीति अपनाइनेछ ।
- नगरपालिका भित्र रहेका यन्त्रहरुलाई उचित मर्मत सम्भार गरी व्यवस्थित तरिकाबाट परिचालन गरिनेछ ।
- नगरपालिकाको प्रशासकिय भवनको लागि जग्गा तथा बजेट व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।
- नगरपालिका भित्र हुने खरिद प्रक्रियालाई पारदशि तथा व्यवस्थित र जिन्सी भण्डारणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगर उन्मुख पर्साको मध्य भागमा अवस्थित यस पोखरिया नगरपालिका भित्र संघिय सरकार संग समन्वय गरि यथाशीघ्र ईलाका प्रशासन कार्यालय, यतायात कार्यालय र आन्तरिक राजस्व कार्यालयको शाखाहरु स्थापना गराई संचालनमा ल्याईनेछ ।

| |
|---|
| - नेपाल सरकार तथा विभिन्न दातृ निकायको सहयोगमा संचालन भएका गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमलाई पुन संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ । |
| - नगरक्षेत्रमा संचालन गरिने सबै प्रकारका योजना तथा कार्यक्रमहरुको अनुगमन एकीकृत रुपमा गरिनेछ । |
| - चोरीका घटना न्यूनिकरण तथा शान्ति सुरक्षा कायम गर्नको लागि पोखरिया बजार क्षेत्र भरी सि.सि.टिभी जडान गरिनेछ । |
| - नगर क्षेत्र भित्र भएका ऐलानी तथा सार्वजनिक जग्गाहरुको अतिक्रमण रोक्न तथा व्यवस्थित गर्नको लागि आवश्यक कानुन बनाईनेछ । |
| - यस पालिकामा स्थापित सुधार केन्द्र (Rising Nepal) लाई प्रभावकारी तथा व्यवस्थित बनाइनेछ । |
| - नमुना टोल/नमुना वार्ड बनाउन संघ तथा प्रदेश सरकारसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ । |
| - यूवाहरुलाई जोखिमबाट बचाउन लागु औषध न्यूनिकरणको लागि इलाका प्रहरी कार्यालय संग समन्वय गरि रोकथामको लागि विशेष किसिमको कार्यक्रम संचालन गरिनेछ । |

**स्वास्थ्य तर्फ**

| |
|---|
| - निजि क्लिनिकहरू लाई स्थानियतहमा दर्ता गराउन करको दायरा भित्र ल्याईनेछ । |
| - खोप सेवा तथा बाल स्वासथ्य सेवालाई व्यवस्थित तुल्याई पुर्णखोपको दिगोपना लाई सुनिश्चित गर्दै बैशाख महिनामा पुर्ण खोप सुनिशचित्ता गरिनेछ । |
| - नसर्ने रोग मुटु रोग र मृगौलारोग यस पालिकामा ४० बर्ष माथिका जनताहरू लाई निशुल्क औषधी उपचार र समयमा बिज्ञ चिकित्सकको टोली द्वारा बिरामि पता लगाउने निशुल्क औषधी बितरण कार्यक्रम संचालन गरिनेछ । |
| - २०३० साल सम्म क्षयरोग मुक्त पालिका घोषणा गर्न पालिकामा क्षयरोग को सकृय खोज पडताल कार्यक्रम गरी उपचारको दायरामा राखि सेवा संचालन गरीनेछ । |
| - महिला सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई दिदै आयको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ । |
| - फिल्डमा काम गर्ने स्वास्थ्यकर्मिहरूलाई फिल्ड भता, गाउँघर क्लिनिक, खोप क्लिनिक संचालन गर्ने स्वास्थ्यकर्मिहरूलाई फिल्डको लागी झोला र उपकरणको ब्यवस्था गरीनेछ । |
| - स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित गर्न औषधी तथा अन्य आवश्यक सामाग्रीहरुको ब्यवस्था गरीनेछ । |
| - स्वास्थ्य संस्थाहरूलाई गुण स्तरिय सेवाप्रदान गर्न र अनलाईन प्रतिवेदन गर्न सबै स्वास्थ्य संस्थाहरूमा ल्यापटप, एच.एम.आइ.एस टुल्स र नेटको ब्यवस्थापन गरीनेछ । |
| - स्वास्थ्यकर्मिहरूलाई अनलाईन प्रतिवेदन गर्ने सम्बन्धी ३ दिने कम्पयुटर तालिम संचालन गरिनेछ । |

- विद्यालयमा किशोरी आईरन चक्कि तथा गर्भवती महिलाहरुलाई निशुल्क क्यालसियम चक्की वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पालिकामा आँखा सम्बन्धि मोतिया बिन्दु, र आँखाका अन्य समस्या भएका विरामिहरूलाई बिशेषज्ञ टोली द्वारा निशुल्क उपचार तथा शल्यक्रिया गराईनेछ
- यस पालिका अन्तर्गत रहेका अपांग बिरामीहरूको सकृय खोजपडताल गरी उपचार तथा शल्यक्रिया समेत गर्न वनेपा अस्पताल संग साझा अवधारणामा समयोजन गरी शल्यक्रिया गराईनेछ ।
- सबै जनताहरू वर्षभरी सेवा प्रदान गर्न निशुल्क औषधी बितरण गर्न पालिका बाट थप औषधी खरिद गरीनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविका र स्वास्थ्यकर्मिहरूको स्वास्थ्य सम्बन्धि अवलोकन भ्रमण गराईनेछ ।
- स्वस्थ नागरिक सम्बृद्व पोखरिया भन्ने नाराका साथ जेष्ठ नागरिकहरुलाई निशुल्क बिशेषज्ञ शिविरको व्यवस्था गरिनेछ ।
- गर्भवतीसंग उप मेयर कार्यक्रम संचालन गरि गर्भवती जाच तथा सुत्केरी जाच सेवालाई प्रोटोकल अनुसार सेवा प्रदान गर्न प्रोत्साहित गरिनेछ ।
- जनस्वास्थय प्रयोगशालालाई पोखरिया बजारमा व्यवसथापन तथा उक्त प्रयोगशालाको संचालन गरिनेछ ।
- यस पालिका अन्तर्गत रक्तदान कार्यक्रम संचालन तथा पालिकाको जनतालाई निशुल्क रगतको व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिनेछ ।

## शिक्षा तर्फ

- विगतमा झै देखा पर्ने माहामारीको जोखिमलाई मध्यनगर गर्दै बिद्यालय बन्द हुने अवस्था देखा परेमा बैकल्पिक शिक्षण सिकाई सहजीहरण कार्यलाई नगरक्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्व्यनमा ल्याइनेछ ।
- आवश्यक शिक्षक दरबन्दी मिलानको प्रकृयालाई अगाडि वढाउन निरन्तरता दिईनेछ ।
- आधारभूत शिक्षामा विपन्न बालबालिकाको पहुचका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालयमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क आइरन चक्की तथा निशुल्क स्यानिटरी प्याड वितरण गरिनेछ ।
- वडा नं. १० मा संचालनमा आएको विद्यालयलाई पूर्वाधार सहित अन्य सम्पुर्ण व्यस्थापन गरि पठन पाठनलाई व्यवस्थित गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा ६ सम्म सबै बालबालिकाहरुको लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्न निरन्तरता दिईनेछ ।

| |
|---|
| - नगर भित्रका कुनै पनि बालबालिका विद्यालय जानबाट बञ्चित नहुनका लागि शैक्षिक भर्ना अभियान संचालन गरिनेछ । |
| - विद्यालय क्षेत्र विकास कार्यक्रम मार्फत विद्यालय शिक्षालाई समतामूलक र गुणस्तरीय बनाँउदै विद्यालयहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । |
| - विभिन्न विद्यालयहरुको पूर्वाधार सुधारका लागि मर्मत सम्भारका साथै फर्निचर तथा अन्य आवश्यक उपकरणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । |
| - छात्राहरुको अनुपस्थित दर घटाउन कक्षमा स्वच्छ वातावरण प्रवर्द्धन तथा महिला र अपाङ्गमैत्री शौचालय निर्माणमा जोड दिइनेछ । |
| - नगरपालिकाको प्रत्येक विद्यालयमा शिक्षक तथा विधार्थीहरुमा पोसाक अनिवार्य गरिनेछ । |
| - नगर शिक्षा विकासको लागि  सामुदायिक र संस्थागत विद्यालयका बिचमा गुणस्तरियत्ता र पहुचमा समानता स्थापित गरि विभेदपुर्ण शिक्षा प्रणाली अन्त्य गर्न क्रमागत रुपमा सबै सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट छुटै पठनपाठनको व्यवस्था मिलाईनेछ । |
| - संघिय शिक्षा ऐन अनुसार नगर शिक्षा ऐन लागू गर्न नगर शिक्षा ऐनलाई नगर परिषदबाट परिमार्जन गरिदै लगिनेछ । |
| - नगर भित्रका कुनै पनि बिद्यालयमा शिक्षक तथा कर्मचारी रिक्त भएमा तत्काल कानुन बमोजिम पदपूर्ति गर्ने व्यवस्था गरिनेछ । |
| - बालविकास कक्षालाई बालमैत्री बनाई प्रभावकारी रुपले संचालन गरिनेछ । |
| - विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको अवस्थामा विद्यालयको अनुदान रकम रोक्का राख्न सकिनेछ । |
| - विद्यालयमा विधार्थी संख्या कम भएको तथा शिक्षक अनुपात बढी भएको विद्यालयहरुलाई एक आपसमा गाभ्न व्यवस्था मिलाइनेछ । |
| - नगर शिक्षा समितिबाट विद्यालय सुधार योजना समिति गठन गरि कार्यान्वयन गरिनेछ । |
| - लोक सेवा, शिक्षक सेवा, प्रहरी सेवा र बैकिङ्ग सेवा तयारी कक्षा निशुल्क संचालन गरिनेछ । |
| - कक्षा. ८, ९, १०, र १०+२ तथा प्राविधिक तिरका विद्यार्थीलाई दिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिईनेछ । |
| - शिक्षालाई बिकेन्द्रिकरण गरि शिक्षक र कर्मचारीलाई जिम्मेवार बनाउन पहल गरिनेछ । |
| - काभिड १९ का कारण शैक्षिक क्षतिको परिपुरण गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ । |
| - सामुदायिक विधालयमा शिक्ष्कको कमीलाई मध्य नजर गर्दै नगर शिक्षक भर्नाको लागि कार्यविधि बनाई नगर शिक्षक भर्ना गरी शिक्षालाई प्रभावकारी बनाइनेछ । |
| - विधालयको जनशक्ति, भौतिक पूर्वाधार आदिको आधारमा स्तरोनन्ती गरिनेछ । |

| |
|---|
| - विधार्थीहरुमा लागु पदार्थ दुर्व्यसन सम्बन्धी जनचेतना मुलक कक्षाहरु संचालन गरिनेछ । |
| - गुणस्तरीय शिक्षा तथा पठनपाठन गराउने शिक्षकलाई प्रोत्साहन गरिने छ । |
| - स्थानीय उत्पादनको प्रवर्द्धन तथा विधार्थीहरुको पोषण सुरक्षाका लागि दिवा खाजामा स्थानीय उत्पादनलाई विषेश प्राथमिकता दिइनेछ । |
| - पोखरिया नगरपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक, भौतिक एंव समग्र विकासको लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ । |

## कृषि तथा पशु सेवा तर्फ

| |
|---|
| - नगरक्षेत्रमा रहेका अगुवा कृषकहरुको लागत तयार गरि निजहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गरिनेछ साथै अध्ययन अवलोकन भ्रमण गराईनेछ । |
| - माटो परिक्षणको दायरा विस्तार गर्नका साथै बाँझो जग्गा र नदी उकासबाट आएको जग्गा आवाद गर्न प्रोत्साहित गरि वगर खेती प्रणालीको सुरुवात गरिनेछ । |
| - व्यवसायिक रुपमा गरिने बेमौसमी तरकारी खेतीका लागि सिंचाई सुविधा उपलब्ध गराउन बोरिङ्गको व्यवस्था गरिनेछ । |
| - कृषि पेशामा संलग्न वास्तविक कृषकहरुको बिवरण संकलन तथा कृषक वर्गीकरणको आधार तयार गरि कृषक परिचयपत्र वितरण कार्यलाई अगाडि बढाईनेछ । |
| - नगर क्षेत्र भित्रको पोखरी र ईनारलाई पुर्न नपाउने गरि जल क्षेत्रको संरक्षणमा जोड दिईनेछ । |
| - समग्र कृषि तथा तरकारी खेती, मसला खेतीको विकासको लागि पकेट क्षेत्र पहिचान गरी विकासको लागि विविध विउ वितरण, जैविक मल वितरण, चुन तथा स्प्रेयर टंकी निशुल्क तथा समयमा अनुदानमा वितरण गरिनेछ । |
| - यस नगर क्षेत्रका कृषकहरुलाई आवश्यक पर्ने मल खाद्य विउ विजन सहज रुपमा उपलब्ध गराउन पोखरिया स्थित साविकका साझा संस्था मार्फत एकद्धार प्रणाली लागु गरि सर्व सुलभ रुपमा मल खाद्य विउ विजन तथा कृषी जन्य सामाग्री उपलब्ध गराईनेछ । |
| - कृषि मिटरको व्यवस्थापनका लागि खेत खेतमा बिधुतीकरण गरि कृषि क्षेत्रको सबलीकरण गरिनेछ । |
| - कृषि मिटरको निशुल्क व्यवस्थापनको लागि पहल गरिनेछ र बोरिंग जडान गरि सिचाई व्यवस्थापनमा जोड दिईनेछ । |
| - महिला कृषकहरुलाई प्रविधिमा आधारित भई उत्पादन र उत्पादकत्वका लागि कार्यक्रम ल्याइनेछ । |
| - पशु बिमाको दायरा विस्तार गर्न सम्बन्धित कृषकहरुलाई अभिमुखीकरण गरिने र सम्भावित पशु रोगको रोकथाम तथा उपचार सेवालाई प्रभावकारी बनाईनेछ । |

| |
|---|
| स्थानीय पशुपंक्षी संरक्षण, प्रर्वद्धन र नश्ल सुधार कार्यक्रमलाई विस्तार गरि व्यवसायिक पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धारण गरिनेछ । |
| मत्स्य पालनलाई प्रोत्साहन दिनुका साथै आयातित माछालाई निरुत्साहित गरिनेछ । |
| व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुको छनौट का लागि रुजु सुचि (**Check List**) को आधारमा पहिचान गरि उत्पादन नतिजा बमोजिम सहयोग गर्ने व्यवस्था गरिनेछ । |
| दुधको लागत मुल्य घटाउनको लागि घाँसबाली लगाउने कार्यलाई प्रोत्साहित गरिनेछ र उन्नतजातका पशुपालन गर्नेलाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाईनेछ । |
| पोखरिया कृषि महोत्व संचालन गरिनेछ । |
| घुम्ती पशु शिविर तथा कृषि शिविर संचालन गर्न प्राविधिक टोली परिचालन गरिनेछ । |
| पोखरिया नगरपालिका भित्र रहेका कृषकहरुलाई २० देखी ५० प्रतिशतको अनुदानमा उनत विउ, किटनाशक औषधि र स्प्रे मेसिन वितरण गरिनेछ । |
| बैज्ञानिक कृषिको लागि सम्भायता अध्ययनको लागि विज्ञको सल्लाह र सुझाव लिदै बैज्ञानिक खेतीलाई अगाडि बढाइनेछ । |
| कृषकको प्रमुख समस्याको रुपमा रहेको बिउ विजन तथा मलको सम्बन्धमा सहज आपुर्तीको लागि संघ र प्रदेश सरकार संग समन्वय गरिनेछ । |
| "एक घर र एक करेसाबारी " कार्यक्रम अन्तर्गत कृषकहरुलाई कृषि सामग्री उपलब्ध गराइने छ । |
| व्यवसायिक कृषि फर्म स्थापना गरेका व्यक्ति तथा व्यवसायीहरुलाई उन्नत प्रविधि अपनाउन प्रविधि तथा औजार उपलब्ध गराइनेछ । |

## सामाजिक विकास तर्फ

| |
|---|
| महिलाहरुलाई प्रत्यक्ष रुपमा लाभ हुने तालिम ( सिलाई कटाई, ब्युटिपर्लर जस्ता सीप मुलक तालिम दिई आत्म निरभर बनाउने खालको रणनितिक योजना बनाई दिर्घ कालिन रुपमा तालिम संचालन गरी नया उधमि सृजना गर्नु पर्नेछ । |
| युवा, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिलाहरुको क्षमतामा बिकास हुने खालको कार्यक्रम संचालन गरिनेछ । |
| समुदायमा पछाडी परेका वा पारिएका समुदायहरुलाई समाजको मुल प्रवाहमा ल्याई उनिहरुको चौतर्फि बिकासको लागी बिभिन्न किसिमको कार्यक्रमहरु संचालन गरिनेछ । |
| पालिकामा बिभिन्न दातृ निकायहरुलाई सामाजिक बिकासको कार्यक्रम संचालनको लागी पालिका बाट सहयोग गरिनेछ । |
| बाल बिवाह, दाईजो प्रथा, लैगिक हिसा , सामाजिक समाबेसिकरण जस्ता जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ । |

- बिभिन्न किसिमको राष्टिय,तथा अन्तराष्टिय दिवस मनाउनको लागी बजेटको व्यावस्थापन गरिनेछ ।
- सामाजमा सबैको पहुच पुग्ने खालको रणनितिक योजनाहरु बनाईनेछ ।
- सामाजिक सदभाव कायम राख्नको लागी नगरपालिका र वडा स्तरमा बिभिन्न किसिमको समिति,उप समितिको निर्माण तथा कार्यनवयमा ल्याईनेछ ।
- सामाजिक सदभाव कायम राख्ने खाल्को बिभिन्न जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- सरोकारवाला संगको सहकार्यमा बालबिवाह,मानव बेच बिखन तथा औसार पसार यौन हिंसा न्युनिकरण समबन्धि बिभिन्न किसिमको जनचेतना मुलक किसिमको कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- सामाजमा बिधमान रहेको लागु औषध रोकथाम समबन्धि बिभिन्न किसिमको जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## महिला शशक्तिकरण, वालवालिका तथा ज्येष्ठ नागरिक

- महिला, बालबालिका, किशोरकिशोरीहरु, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुमा हुने हिंसा अन्त्यका लागि निरोधात्मक तथा उपचारात्मक क्रियाकलापहरु संचालनमा ल्याईनेछ ।
- बालबालिका तथा किशोर किशोरीहरुलाई लक्षित अतिरिक्त क्रियाकलापहरु संचालनको माध्यमबाट बौद्धिक विकासमा जोड दिईनेछ ।
- नगर क्षेत्रभित्रका असहाय, अनाथ, सुस्त मनस्थिति तथा संरक्षक विहीन बालबालिकाहरुको पहिचान गरि उनीहरुको संरक्षणका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- लैङ्गिकमैत्री सूचक तयारी तथा कार्यान्वयनको माध्यमबाट नगरलाई लैङ्गिकमैत्री बनाउन पहल गरिनेछ ।
- नगरपालिकालाई लैङ्गिक मैत्री नगरपालिका घोषणा गरि दिगोपनाका लगि सुचकमा आधारित रहेर विभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै महिला, अपाङ्ग, लैंगिक अल्पसंख्यक समुदाय तथा व्यक्तिहरुको शसक्तिकरणका लागि विशेष किसिमका कार्यक्रहरु संचालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको नितीलाई कार्यान्वयन गरिनेछ ।
- महिलाहरुको आर्थिक रुपान्तरणका लागि लघु उधम विकास कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- बालबालिका, असहाय, अनाथ, अशक्त र मानसिक असन्तुलन भएका नागरिकहरुको लागि पुनः स्थापना केन्द्रको संचालनको लागि पहल गरिनेछ ।
- मानव सेवा आश्रम संगको सहकार्यमा यसै वर्ष नगरपालिकालाई सहयोगापेक्षी सडक आश्रित मानव मुक्त नगरपालिका घोषण गरिनेछ ।

| |
|---|
| प्रत्येक वडामा बाल अधिकार समिति गठन गरिनेछ । |
| दलित समुदायको क्षमता विकास गरि परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणको लागि अनुदानमा पेशागत सामग्रीहरु उपलब्ध गराइनेछ । |

**युवा तथा खेलकुद तर्फ**

| |
|---|
| खेलकुद विकासका लागि विद्यालय तह तथा वडा देखि नै योजनावद्ध कार्यक्रम संचालनको माध्यमबाट विभिन्न विद्यालयका नगरस्तरीय खेलाडीहरुको टोली बनाउन पहल गरिनेछ । |
| वडा नं. ६ मा रहेको स्थानिय ( शेरा फिल्ड ) खेलकुद मैदानको बिस्तृत आयोजना प्रतिवेदन ( **DPR**) बमोजिमको पूर्वाधार निर्माण गर्न संघीय तथा प्रदेश सरकारसंग अनुदान मांग गरिनेछ । |
| क्रिकेट तथा फुटवलको मेयर कपको आयोजना गरिनेछ । |
| युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरि परिवार, समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवम् श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ । |
| कर्मचारी तथा जन प्रतिनिधि बीचको सम्बन्ध प्रगाड बनाउन कर्मचारी Vs जनप्रतिनिधि फुटबल खेलको आयोजना गरिनेछ । |
| प्रत्येक वडाका यूवाहरुलाई खेल कुदमा आकर्षण गर्न खेल कुद सामग्री वितरण गरिने छ । |
| पोखरिया नगरपालिका वडा नं. ६ र ९ मा खेल मैदानको सम्भावित अध्ययन गरि पूवाधारको विकासका लागि प्रदेश सरकार र निजीक्षेत्रलाई सहजीकरण र समन्वय गरि Sports Tourism क्षेत्रको रुपमा विकास गरिनेछ । |
| पालिका भित्रका खेल मैदानहरुलाई स्तरोन्नती गर्दै महिला खेलाडी उत्पादनमा विशेष जोड दिइनेछ । |

**वातावरण तथा विपद व्यवस्थापनः**

| |
|---|
| नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा स्थापित गरेको अनुभूति गराइनेछ । |
| यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न फोहौरमेला उचित रुपमा व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलको कार्यक्रमहरु संचालन गरिनेछ । |
| सडक किनार, ऐलानी, पर्ती, सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरिनेछ । |
| नागरिकहरुलाई आईपर्ने विविध किसिमका बिपद्‌बाट बचाउनका लागि आवश्यक कार्यहरु गरिनेछ |

| |
|---|
| जाडोबाट विपन्न नागरिकहरुलाई बचाउनको लागि कम्बल वितरण गरिनेछ । साथै चौक, सार्वजनिक स्थलमा दाउरा बाली बाल्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । |
| बारुण यन्त्र व्यवस्थित रुपमा संचालन गरिनेछ । बारुण यन्त्र सेवा अन्य छिमेकी गाउँपालिका नगरपालिका समेतलाई उपलब्ध गराउनु पर्ने तर दायित्व यस नगरपालिकालाई मात्र पर्ने भएकोले छिमेकी स्थानिय तह सँग समन्वय गरि वारुण यन्त्र संचालन कोष स्थापना गरिनेछ । वारुण यन्त्र सेवाको लागि आवश्यक रकम विनियोजन गरिनेछ । विपद तथा दैवि प्रकोपबाट हुने समस्याका लागि एक कोषको स्थापना गरिनेछ । |
| नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल गराईनेछ । |
| नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव |
| न्यूनीकरण गर्ने नितीलाई कार्यान्वयनमा ल्याईनेछ । |
| नगर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरि लागू गरिने छ । |
| जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन सम्बन्धि सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ । |
| विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद् व्यवस्थापन कोषको परिचालन माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ । |

## पुर्वाधार विकास :

| |
|---|
| सुन्दर र आकर्षित पुर्वाधारहरुको लागि डि.पि.आर.तयार गराईनेछ । |
| नगर गौरवका आयोजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुदान मांग गरिनेछ । |
| पोखरियालाई सुन्दर र पर्यटकीय हिसाबले आकर्षण शहर बनाउन घण्टाघर निर्माणको प्रकृया अगाडी बढाइनेछ । |
| खोप केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र संचालनका लागि भवन नभएका स्थानहरुमा भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्त गरि भवन निर्माण गर्ने व्यवस्था गरिनेछ । |
| विकासको मेरुदण्ड सडक भएको तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथा ढल निकासको लागि योजनाबद्ध प्रयासहरु गरिनेछ । |
| पोखरिया बजारमा रहेको ऐतिहासिक शिवमन्दिरको जग्गामा पार्क निर्माण गरिनेछ । |

- बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडि बढाइने छ ।
- सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ । क्रमश सडक बत्तीलाई सौर्य उर्जामा आधारित बनाउदै लगिनेछ ।
- क्वालिटी कन्ट्रोलको लागि सामाग्रीहरुको व्यवस्था मिलाईनेछ र साथै ठेक्का प्रक्रियालाई ई-विडिन्ङ्ग प्रक्रियालाई निरन्तरता दिईनेछ ।
- पुर्वाधार निर्माण अघि नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ र सडक स्तरोन्नतीको लागि मापदण्ड तयार गरिनेछ ।
- प्रत्येक वडामा गौरवमय योजनाहरु छनौट गरी क्रमागद रुपमा सम्पन्न गरिने नीति लिइनेछ ।
- अधुरो योजनाहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ ।
- पोखरिया नगरपालिका वडा नं ४ र ९ मा पर्ने हनुमान मन्दिरको पश्चिमपटी पर्ने पोखरिमा सूर्य मन्दिर निर्माण गरिने छ ।
- पोखरीया नगरपालिकाको बजार क्षेत्रमा सवारी साधनलाई व्यवस्थित गर्ने प्रहरी र ट्राफिक कार्यालय सित समन्वय गरि सवारी साधानलाई व्यवस्थित गरिने छ ।
- पशु सेवा शाखा कार्यालयलाई स्तोरउन्नती गरिनेछ ।
- नगरपालिकामा नगरबासीलाई सुरक्षित स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी संस्थाहरुको सहकार्यमा एकिकृत खानेपानी योजना निर्माणमा आवश्यक पहल गरिनेछ ।
- उज्जयालो पोखरिया कार्यक्रम तथा नगर सौन्दर्यीकरण अभियानलाई निरन्तरता दिइनछ ।
- नगरपालिका भित्र रहेका सार्वजनिक तथा एलानी जग्गा संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापन गर्न नगर स्तरीय अधिकार सम्पन्न समिति गठन गरि त्यस प्रकृतिक जग्गाको पहिचान गर्दै नगर मातहतमा ल्याउन तादरुकताका साथ अगाडी बढाईनेछ ।

## भवन तथा शहरी विकासः

- नगरको मुख्य बजार लगायतका अन्य संम्भावित बजार क्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई मापदण्ड अनुरुप निर्माण गर्ने गरि मात्र अनुमति दिईनेछ ।
- यस नगरको बस्ती विकासलाई व्यवस्थित गर्न सरोकारबालाहरुसंगको समन्वय र सहकार्यमा विस्तृत आयोजना प्रतिवेदन तयार गरि कार्यान्वयन गरिनेछ ।
- नगर प्रहरी तथा फायरमेन आवासको लागि नयाँ भवन निर्माण गरिनेछ ।
- खरको छानो मुक्त नगरपालिका निर्माण गर्न यस वर्ष लागत, योजना तगार गरि संघ तथा प्रदेश सरकारबाट संचाालन हुने आवास कार्यक्रमको लागि समन्वय गरिनेछ ।

## सडक तथा पुल

| |
|---|
| नगरक्षेत्रभित्र निर्माण संचालनमा आएका पुलहरुको संरक्षणको व्यवस्था मिलाईनेछ, साथै आवश्यक्ता अनुसार नया पुलहरु निर्माणका लागि संघिय र प्रदेश सरकारसंग माँग गरिनेछ। |
| यस अघि कार्य आरम्भ भई हालसम्म कार्य सम्पन्न नभएका सडकहरुको क्रमागत रुपमा सम्पन्न गर्ने, पुराना सडकहरुको स्तरोन्नती गर्ने नितीलाई कार्यान्वयन गरिनेछ। |
| नगरपालिका क्षेत्रमा थप सडक निर्माण गर्नुपर्दा सडक गुरु योजना तथा विस्तृत आयोजना प्रतिवेदन DPR लाई मुख्य आधार बनाईने छ। |
| नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुको केन्द्र र नगरका मुख्य व्यपारिक केन्द्रसम्म जोड्ने सडकलाई बाह्रै महिना संचालनमा आउने गरि स्तरोन्नती गर्न प्राथमिकता दिईनेछ। |

## संचार तथा सूचना प्रविधि

| |
|---|
| नगरपालिकासंग सम्बन्धित सूचनामा नागरिकको पहुँचका लागि नगरसंग सम्बन्धित सूचनाको नगरपालिकाको वेवसाईट तथा पत्रकार भेटघाट कार्यक्रम संचालनको व्यवस्था गरिनेछ। |
| नगरबासी सरोकारवालाहरुको अध्ययन तथा अध्यापन सहजताका लागि नगरपालिकामा संचालनमा रहेको पुस्तकालयलाई सुदृढीकरण गरिनेछ। |
| स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियो संचालनलाई प्रोत्साहन गरिनेछ। |
| सूचनाको हक सम्बन्धि व्यवस्था लिई अनुभूत हुने गरी कार्यान्वयन गर्दै पारदशी र खुल्ला सरकारको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ। |

## सामाजिक सुरक्षा तथा पंजिकरण

| |
|---|
| समयमै उमेर पुगेका लाभग्राहीहरुको विवरण **इलष्लिभ** दर्ता गरिनेछ तथा बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिदै लगिनेछ। |
| **Online** पासपोर्टको फरम दर्ता र **Online** राष्ट्रिय परिचयपत्रको फरम दता गर्ने कार्यलाई निरन्तरता दिईनेछ। |
| सामाजिक सुरक्षा भत्ता सम्बन्धि देखा परेका समस्या समाधान गरिनेछ। |
| आवश्यक परेको बेला राजस्व सम्बन्धि तालिम दिईनेछ। |
| सामाजिक सुरक्षा परिचयपत्र सबै लाभग्राहीहरुलाई वितरण गरिने कार्यलाई निरन्तरता दिईनेछ |

| |
|---|
| । |
| वडा १ देखि १० सम्मका वडा सचिवहरुलाई घटनादर्ता सम्बन्धि सर्भरमा आएका समस्याहरु<br>समाधान गरिदै लगिनेछ । |

## फोहोर व्यवस्थापन

| |
|---|
| पोखरिया नगरपालिका तथा छिमेकी पालिकाहरुसंग समन्वय तथा साझेदारीमा ल्याण्ड फिल्ड साईटको निर्माण गरि फोहोर व्यवस्थापन को समस्यालाई दीर्घकालीन रुपमा समाधान गरिनेछ । |
| प्रदूषकले कर तिर्न पर्दछ भन्ने सिद्धान्त बमोजिम संयन्त्र तयार गरि कार्यान्वयन गरिनेछ । |
| सार्वजनिक स्थानहरुमा शौचालय निर्माण गर्ने कार्य अगाडी बढाईनेछ । |
| प्राङ्गारिक मल उत्पादनका माध्यबाट नगरपालिकामा उब्जिएका फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यक्रम अन्तर्गत "आफ्नो ठाउँ आफै सफा गरौं" अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । |
| बजारक्षेत्रका घर निर्माण कर्ताबाट सिर्जित फोहोर व्यवस्थापन गर्ने दायित्व निर्माण कर्ताकै हुने नितीलाई कडाईका साथ कार्यान्यवन गरिनेछ । |
| सार्वजनिक निजी साझेदारीको निति अवलम्बन गरि फोहोरमैला व्यवस्थापन गर्न पहल गरिनेछ । |
| पसल, बजार तथा घरहरुबाट निस्कने फोहौरलाई उत्पतिकै स्थलबाट सडने र नसडने गरी छुट्टाछुट्टै राख्ने, संकलन गर्ने तथा सडने फोहौरलाई कुहाई जैविक मल बनाउने तर्फ विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ, सडने वा नसडने फोहोर संकलनको लागि डष्टविन वितरण गरिनेछ । |
| "हाम्रो पोखरीया स्वच्छ सफा, हराभरा, राम्रो पोखरिया" नाराको साथ बजार क्षेत्रमा प्रत्येक पसलको अगाडी डष्टबिन को ब्यवस्था मिलाइने छ। |
| बजार फोहोर गर्न व्यक्ति, संस्थालाई जरिवाना गर्ने तथा कानुनी कार्यवाही गर्ने व्यवस्था मिलाइने छ । |
| पोखरिया न.पा र बजारलाई सौन्दरिकरण र व्यवस्थित गरिने । |

## राजस्व परिचालन

- सुत्रको माध्यमबाट अनलाईन सम्पति तथा नगदी रसिद काट्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका भित्र रहेका सार्वजनिक खडालहरुलाई खडाल ऐन ल्याई व्यवस्थित बनाई नगरपालिका भित्र रहेका ऐलानी जग्गालाई अधिकतम उपयोग गरि आन्तरिक श्रोतको दायरा बढाईनेछ ।
- सार्वजनिक पोखरीहरुको अवस्थालाई व्यवस्थित गरि आवश्यक प्रकिया पुर्याई ठेक्का-पट्टा गरिनेछ ।
- नगरपालिका भित्र रहेका सबै व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन आवश्यक नीति अपनाइनेछ र कडाइका साथ लागू गरिनेछ ।
- नगरभित्र रहेको ऐलानी जग्गामा बनाएका संरचनाहरुलाई नियमानुसार खाली गराई संरक्षण गरिनेछ ।
- नगरपालिका भित्र रहेका बजारलाई व्यवस्थित गर्न आवश्यक कदमहरु चालिनेछ ।
- करको दायरा पुनरावलोकन गरि विस्तार गर्ने र करको दरलाई परिमार्जन गरि लागु गरिनेछ ।
- असल करदाता तथा अधिकत्तम कर संकलन गर्ने कर्मचारीलाई वार्षिक रुपमा सम्मा न  गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरक्षेत्रभित्र संचालनमा आएका र आउने प्रत्येक बैंक, वितिय संस्था, बिमा कम्पनी लगायतका बिभिन्न निजी क्षेत्रबाट संचालित संस्थाहरुको तथ्याङ्क अध्यावधिक गरि करको दायरामा ल्याईनेछ ।
- नगरपालिकाको आन्तरिक आयमा सुधार ल्याउन करदाता शिक्षा र कर सप्ताह जस्ता अभियान संचालन गरिनेछ ।
- नगरपालिकाका तथा वडाका कर्मचारीले सेवाग्राहीलाई सुलभ तथा सजिलो तरिका सेवा उपलब्ध गराउन क्षमता अभिबृद्धि तालिम प्रदान गरिनेछ ।
- नगरपालिका रहेको बजार अनुगमन समिति र  बजार क्षेत्र व्यस्थित  गर्न समय समयमा अनुगमन गरिनेछ ।
- नगरपालिका अन्तर्गत रहेका सवारी यन्त्रहरु जस्तै जे.सि.बी सकसन (सरसफाई मेसिन) लगाएत प्रयोगमा ल्याई नियमानुसार कर तिरेर संचालनमा ल्याइनेछ  र जी.पि. एस प्रणालीद्धारा नियन्त्रण गरिनेछ ।
- पोखरिया नगरपालिका भित्र रहेका सार्वजनिक पोखरीहरुलाई माछापालनको लागि टेन्डर प्रकृयाबाट ठेक्का बन्दोबस्त गरी आन्तरिक राजश्व बृद्धि गरिनेछ ।

- नगरपालिका भित्र रहेका सार्वजनिक खटालहरुलाई खटाल ऐन ल्याई व्यवस्थित बनाई नगरपालिका भित्र रहेका ऐलानी जग्गालाई अधिकत्तम उपयोग गरी आन्तरिक स्रोतको दायरा बढाइने छ ।
- सार्वजनिक पोखरिहरुको अवस्थालाई उन्नति व्यवस्थित गरी आवश्यक प्रकृया पुऱ्याई शिलबन्दीको माध्यबाट ठेक्का लगाईने छ ।

## नगर विकास कार्यक्रम

- पोखरिया नगरविकास जग्गा एकिकरण आयोजनालाई अगाडी वढाउनको आवश्यक भौतिक सामाग्री उपलब्ध गराईनेछ ।
- पोखरिया नगरविकास जग्गा एकिकरण आयोजनालाई आवश्यक दक्ष जनशक्तिको व्यवस्था मिलाईनेछ ।
- पोखरिया नगरविकास जग्गा एकिकरण आयोजनाको लागि छुटै कोषको व्यवस्था गर्नलाई निरन्तरता दिईनेछ ।

## वितिय व्यवस्थापन तथा वित्तिय जोखिम न्यूनिकरण

- एक पटक स्वीकृत भैसकेको बार्षिक कार्यक्रमलाई सोही आ.व.मा संशोधन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ ।
- सार्वजनिक खर्चहरुलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्व अनुमान योग्य बनाईनेछ ।
- वित्तीय अनुशासन कायम गर्न मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ ।
- निरन्तर रुपमा बृद्धि हुदै गएको चालु खर्चलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिनेछ ।
- बेरुजु सम्परिक्षण तर्फ विशेष ध्यान दिई बेरुजु न्युनिकरण गरिनेछ । तथा बेरुजु न्युनिकरणमा जटिलत्ता पुर्याउने कर्मचारीहरुलाई वा अन्य संघ संस्थाहरुलाई कानुनको दायरामा ल्याई कारवाही गरिनेछ ।
- चालु आ.व. सम्ममा रहेका पेश्कीलाई फर्छयौट गरि बेरुजु न्युनिकरण गरिनेछ ।
- प्रत्येक आ.व.को चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरि वित्तिय व्यवस्थापनमा जोड दिईनेछ ।
- कार्यालको नियमितत्ता, मितव्ययित्ता, प्रभावकारिता, पार्दर्शिता र औचित्यता ल्याउन आन्तरिक लेखा परिक्षणको समिति गठन गरिनेछ ।
- भुक्तानी पुर्व सम्पुर्ण कागजातहरु आन्तरिक लेखा परिक्षण गरि मात्र भुत्तानी दिईनेछ ।

- प्रत्येक शाखाका कर्मचारीलाई कार्यक्रम/योजना सम्बन्धी कागजात व्यवस्थापन सम्बन्धि तालिम दिईनेछ ।

## श्रम र रोजगार

- स्थानीय सरकारले संचालन गर्ने योजना तथा कार्यक्रममा रोजगारी र गरिवी निवारण सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- सरोकारवालाहरुसंगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरि अधिक रोजगारी सृजना गर्न पहल गरिनेछ ।
- स्थानीय श्रोत साधनको अधिकतम उपयोग, दक्ष जनशक्ति निर्माण, तालिम र क्षमता विकास तथा लघु उद्यम विकास गरि रोजगारीको सिर्जना गर्न पहल गरिनेछ ।
- बेरोजगार युवाहरुलाई लक्षित गरि घरेलु तथा साना र मझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गर्न तालिमहरुको व्यवस्था गरिनेछ ।
- नयाँ रोजगारको तथा स्वरोजगारीको क्षेत्रहरुको खोजि गरिनेछ र औधोगीक क्षेत्रहरु समन्वय गरि नागरिकहरुलाई ५० दिनको शिप तालिमको लागत रोजगार सेवा केन्द्रबाट उपलब्ध गराई दिर्घकालिन रोजगारी उपलब्ध गराईनेछ ।
- यस नगारपालिकालाई बालश्रम मुक्त गरिनेछ ।
- यस पोखरिया नगरपालिकाको लागि रोजगार रणनिति तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

## धर्म संस्कृति तथा पर्यटन

- पर्यटन प्रवर्द्धनका सम्भावित क्षेत्रहरुको पहिचान गरि आन्तरिक तथा बाह्य पर्यटक लक्षित कार्यक्रमहरुको अवधारणा कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ ।
- सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य र मान्यताको सम्मान गर्न बातावरण सृजना गरिनेछ ।
- कला र साहित्यको सृजना तथा प्रवर्द्धन गर्न बिभिन्न कृयाकलापहरु संचालन गर्ने व्यवस्था गरिनेछ ।
- विभिन्न जातजाती, समुदाय, धर्म संस्कृतिका पर्व लगायतको सम्वर्द्धन गरिनेछ ।
- पोखरिया शिव, हनुमान, रामजानकी, मठमंदिर तथा मस्जिद विकास कार्यविधि तयार गरि व्यवस्थापन समिति गठन गरिनेछ ।

- पोखरिया नगरपालिका वडा नं. ८ र ९ मा पर्ने भेदराहामा निर्माण हुन लागेको मधेश प्रदेशकै गौरवका योजना माटापार्कलाई निरन्तरता दिन मधेश प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

- मौसमी प्रकोप विशेष गरी बाढी, शीतलहर, हावाहुरी, आगलागी, लुह जस्ता प्रकोपको बारेमा स्थानीय संचार माध्यम पालिकाको वेबसाइट तथा सामाजिक संजालका माध्यमबाट नियमित जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- गर्मी तथा सुखायाममा खानेपानी तथा सिंचाईको हुने समस्यालाई व्यवस्थापन तथा सृदृढीकरण गरिनेछ ।
- प्राविधिक तथा आगो नियन्त्रको लागि कार्यरत कर्मचारीलाई प्रशिक्षण तालिम संचालन गरिनेछ ।
- विभिन्न वडा १ देखि वडा १० सम्म वातावरण तथा विपत सम्वन्धी जनचेतना गराईनेछ ।
- गर्मी याममा सर्प बढी निस्कने भएकोले सो बाट बच्नको लागि जनचेतना कार्यक्रम गराइनेछ ।
- विपतमा वातावरण शाखाको कर्मचारीलाई विपत तथा जोखिमका काममा दिन-रात खटने कर्मचारीलाई इन्स्योरेन्सको व्यस्थापन गरिनेछ ।

## श्रीमान् नगरसभा अध्यक्षज्यू र सदस्यज्यूहरु

अब म अगामी आ.व. २०८२/०८३ को आय अनुमान पेश गर्न चाहन्छु ।

| क्र.सं. | अनुदान | स्रोत सरकार | रकम | कुल जम्मा |
|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण | संघ | १०,५९,००,०००। | |
| २ | शसर्त अनुदान चालु | संघ | २०,२१,००,०००। | |
| ३ | शर्सत अनुदान पँजीगत | संघ | ३,६९,००,०००। | |
| ४ | समपुरक अनुदान | संघ | ५०,००,०००। | |
| ५ | विशेष अनुदान | संघ | १,१३,००,०००। | |
| ६ | राजस्व बाडफाँड | संघ | ९,२८,२७,४४८। | |
| | जम्मा संघ सरकार | | | ४४,४०,२७,४४८ |

**श्रीमान् अध्यक्षज्यू लगायत सभासदज्यूहरु ।**

अन्त्यमा, यस बजेट तर्जुमा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने नगरप्रमुख ज्यू, नगर उप प्रमुख ज्यू, मुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनितीक दलका प्रतिनिधी ज्यूहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघ-संस्थाहरु, पत्रकार ज्यूहरु लगायत अन्त्यमा हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बिषयगत समिति तथा कार्यपालिकामा छलफबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएको छ नगरको चौतर्फी विकास र सम्वृद्धिमा निरन्तर सदभाव र सहयोग पुऱ्याउने आम नगरबासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी सरस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ।

**पोखरिया नगरपालिका भित्र भएको उपलब्धिः मालपोत कार्यालय, पोखरिया प्रादेशिक अस्पताल र नापी कार्यालयको तस्वीरहरु**



